नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

(प्रशासन शाखा)

पत्र संख्या : २०७८/७९

चलानी नं: ८०२

सिंहदरबार, काठमाडौं

मिति २०७८/१२/१४

श्री पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौं।
श्री पुरातत्व विभाग, रामशाहपथ, काठमाडौं।
श्री राष्ट्रिय अभिलेखालय, रामशाहपथ, काठमाडौं।
श्री नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, काठमाडौं।
श्री भाषा आयोग, संखमूल, काठमाडौं।
श्री नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी ,काठमाडौं।
श्री नेपाल संगित तथा नाट्य प्रज्ञा प्रतिष्ठान, काठमाडौं।
श्री नेपाल नागरिक उड्डयन प्राधिकरण, बबरमहल, काठमाडौं।
श्री नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप, काठमाडौं।
श्री नेपाल वायुसेवा निगम, कान्तिपथ, काठमाडौं।
श्री आदिकवि भानुक्त जन्मस्थल विकास समिति,तनहुँ।
श्री बृहत्तर बराह क्षेत्र विकास समिति, सुनसरी।
श्री संस्कृतिक संस्थान, जमल, काठमाडौं
श्री नारायणहिटी दरबार संग्रहालय गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समिति, दरबारमार्ग, काठमाडौं।
श्री पशुपति क्षेत्र विकास कोष, देवपत्त, काठमाडौं।
श्री लुम्बिनी विकास कोष, पवित्र उद्यान, लुम्बिनी।
श्री बुहत्तर जनकपुर क्षेत्र विकास परिषद्, धनुषा।
श्री तारा गाउँ विकास समिति, काठमाडौं।
श्री बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति, पुल्चोक।
श्री नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान, थापागाउँ।
श्री नेपाल पर्यटन तथा होटल व्वस्थापन प्रतिष्ठान,रविभवन ।
श्री देवघाट क्षेत्र विकास समिति, तनहुँ।
श्री पाथिभरा क्षेत्र विकास समिति, ताप्लेजुङ्।
श्री केचना कञ्चनजंगा पर्यटन विकास समिति, इलाम।
श्री नेपाल पञ्चाङ्ग निर्णायक समिति, काठमाडौं।
श्री हलेशी महादेवस्थान विकास समिति, खटाङ्।

विषय: निर्णय कार्यन्वयन सम्बन्धमा।

निर्वाचन आयोगको च. नं. ६११, मिति २०७८/१२/०७ को पत्रको छायाँ प्रति यसै पत्रसाथ संलग्न छ। मिति २०७९/०१/३० गते शुक्रबार सम्पन्न हुने स्थानीय तह सदस्यको निर्वाचनमा खटिने जनशक्तिको व्यस्थापन सम्बन्धमा आयोगको मिति २०७८/१२/७ मा भएको बैठकको निर्णय कार्यान्वयन गर्नुहुन निर्देशनानुसार अनुरोध छ।

प्रविनहाङ योङहाङ
शाखा अधिकृत

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास,समृद्धि र सुशासन"

फोन: ४२११५९६ फ्याक्स : ४२११७५८ ईमेल: info@tourism.gov.np वेवसाईट: www.tourism.gov.np सिंहदरबार, काठमाण्डौ ।

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref (१-१-१-१८ क.प्र.)/२०७८/७९,

मिति: २०७८/१२/०७

श्री सबै मन्त्रालय/ आयोग/ निकाय/ प्रतिष्ठान ।

विषय :- निर्णय कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा सम्वत् २०७९ साल बैशाख ३० गते शुक्रबार सम्पन्न हुने स्थानीय तह सदस्यको निर्वाचनमा खटिने जनशक्तिको व्यवस्थापन सम्बन्धमा आयोगको मिति २०७८/१२/७ को बैठकबाट देहाय बमोजिमको निर्णय भएको हुँदा आवश्यक कार्यार्थ निर्णायानुसार अनुरोध छ ।

<u>आयोगको निर्णय</u>

संवत् २०७९ बैशाख ३० गते शुक्रबार सबै स्थानीय तह सदस्यको निर्वाचन हुने गरी नेपाल सरकारबाट निर्णय भई सो बमोजिम निर्वाचनको तयारी भइरहेको छ । निर्वाचन व्यवस्थापन सम्बन्धी काममा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहसँग आयोगले सोझै सम्पर्क राख्न सक्ने र त्यस्ता निकायबाट कुनै पनि सहयोग लिन सक्ने व्यवस्था निर्वाचन आयोग ऐन, २०७३ को दफा ७ को उपदफा (१) र (२) मा रहेको र उपदफा (३) ले आयोगले मागेको सहयोग उपलब्ध गराउनु सम्बन्धित संस्था वा निकायको कर्तव्य हुने उल्लेख गरेको छ । यसैगरी सोही ऐनको दफा ४४ मा आयोगले निर्वाचनको काममा नियुक्त गरिएका, खटाएका वा तोकिएका वा आयोगको आदेश, निर्देशन पालना गर्नुपर्ने कर्तव्य भएका कुनै निजामती कर्मचारी, सुरक्षाकर्मी लगायतले आयोगको आदेश, निर्देशनको जानाजानी उल्लंघन हुने वा बदनियतले कुनै काम कारवाही गरेमा आयोगले त्यस्ता कर्मचारी वा सुरक्षाकर्मी उपर निजको सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम अख्तियारवालाको अधिकार प्रयोग गरी विभागीय कारवाही गर्न सक्ने व्यवस्था रहेको छ ।

आसन्न स्थानीय तह निर्वाचन २०७९ को सन्दर्भमा आयोगले माग गरेका निजामती लगायतका सम्पूर्ण जनशक्तिलाई आयोगले तोकेबमोजिम कामकाजमा खटाउने व्यवस्था मिलाउनुहुन र अन्यथा भएमा निर्वाचन आयोग ऐन, २०७३ को दफा ४४ बमोजिम कारवाही भईजाने व्यहोरा समेतको जानकारी निर्वाचन आयोग ऐन, २०७३ को दफा ४० बमोजिम मन्त्रालय, आयोग, निकाय, प्रतिष्ठान लगायतका सबै निकायहरूलाई गराउने गरी निर्देशन दिने ।

(कमल ज्ञवाली)
उपसचिव

<u>सादर अवगतार्थ</u>

माननीय प्रमुख निर्वाचन आयुक्तज्यू

माननीय निर्वाचन आयुक्तज्यूहरु,

श्रीमान् सचिवज्यू, निर्वाचन आयोग, नेपाल ।